११९६/६२८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल

## आदेश

मु.नं. ४/२०७०/०७१

निर्णय नं. ७२८

दैलेख जिल्ला नारायण नगरपालिका २ बस्ने दीपक सिजापती..............................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नारायण नगरपालिका, दैलेख ..................................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

दैलेख जिल्ला नारायण नगरपालिका २ बस्ने दीपक सिजापतीले नारायण नगरपालिका, दैलेख समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।०३।३० मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७०।०४।१७ को पत्रबाट नारायण नगरपालिका, दैलेखलाई सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात पुनरावेदकले सूचना पाईन भनी आयोगमा मिति २०७०।०७।२७ मा उजुरी गरेको । पुनः आयोगबाट मिति २०७१।०१।०४ मा सूचना दिन लेखी पठाएको । तत् पश्चात पुनः निजले २०७१।०१।१३ मा आयोगमा सूचना पाईन भनी उजुंरी गरेको र आयोगबाट २०७२।०२।३२ मा ताकेता भै गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्वन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको, र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन गरेको बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राख्नु । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्